# हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हरिनगरा, सुनसरी
प्रदेश नं. १ नेपाल

प.स.:-
च.नं.:-

मितिः- २०७९।०५।२२

सुचना । सुचना ॥ सुचना ।॥

प्राकृतिक सम्पतिको रुपमा रहेको यस हरिनगर गाउँपालिका क्षेत्र अन्तर्गत पर्ने सुनसरी खोला र सुनसरी मोरिया खोलामा विषादी हाली माछा मार्ने गरेको कार्य भई रहेको भनि यस कार्यालयमा उजुरी निवेदन पेश भएकोले सो तर्फ यस गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ ।

नदी र खोलामा हालेको विषादीले मानवीय र घरपालुवा जनावरहरु सहित माछाका वंश र भुराहरु विनाश हुनुको साथै वातावरणीय रुपमा समेत क्षति हुने हुँदा सो कार्य आपराधिक कार्य सरह भएकोले उक्त कार्य नगर्न नगराउन हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

विषादी हाल्ने कार्यमा संलग्न भएको व्यक्तिको वारेमा सूचना दिने व्यक्तिलाई गाउँपालिकाको तर्फ बाट पुरस्कार स्वरुप रु. ५,०००।०० पाँच हजार दिईने छ र सो सूचना दिनेको नाम गोप्य राखिने छ। साथै राती ०८:०० बजे देखि विहान ०४:०० बजेको समय भित्र नदी नाला वा खोला क्षेत्रमा माछा मार्ने वा टिप्ने व्यक्ति फेला परेमा सो व्यक्ति माथि समेत कारवाही हुने व्यहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ ।

गफार अंसारी मियाँ
अध्यक्ष